पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास,धनकुटा

२०७३

कोशी प्रदेश,नेपाल

प.सं.: २०८०/०८१

च.नं.: १५०

मिति:२०८०/०८/१०

विषयः **सहकारी संघसंस्थाहरुलाई जानकारी गराइएको सम्बन्धमा ।**

श्री सहकारी संस्थाहरु सबै,

पाख्रीबास नगरपालिका, धनकुटा ।

उपर्युक्त सम्बन्धमा यस पाख्रीबास नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र रहेको सम्पूर्ण सहकारी संस्थाहरुले श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौको पत्र संख्या २०८०/०८१ चलानी नं. १९८, मिति २०८०/८/६ गतेको पत्रसाथ प्राप्त सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को सुझाव कार्यान्वयनसम्बन्धी पत्रअनुसार तपसीलबमोजिमका कार्यहरु गर्नु हुन जानकारीका लागि अनुरोध छ।

**तपसीलः**

१. सबै सहाकारी संस्थाहरुले मिति २०८० मंसिर मसान्तभित्र संस्थाको दायित्व, लगानी तथा सम्पती लगायतका वित्तीय विवरण समेटिएका स्वेतपत्र जारी गरी ७ दिनभित्र पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाख्रीबासमा अनिवार्य पेश गर्ने ।

२. समस्याग्रस्त र समस्यान्मुख सहकारी संस्थहरुले मिति २०८० चैत्र मसान्तभित्र मागअनुसारको सम्पूर्ण बचत रकम फिर्ता गर्ने गरी बचत फिर्ता कार्य योजना निर्माण गरी त्यसको अनिवार्य कार्यान्वयन गर्ने ।

३. मिति २०८० मंसिर मसान्तिभत्र सबै सहारी संस्थाहरुले सहकारी संस्थाको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको सम्पति विवरण पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाख्रीबासमा अनिवार्य पेश गर्ने ।

४. सबै सहकारी संस्थाहरुले आ-आफ्नो सम्पूर्ण विवरण कोपोमिस (COPOMIS) प्रणालीमा प्रविष्टी गर्ने,गराउने ।

खगेन्द्र सुवेदी

प्रमुख प्रशासकीय अधिकृत